Received Date: Oct. 2025 Revised: Nov. 2025 Accepted: Dec. 2025

# पशुपतिनाथको आधुनिककालीन इतिहास

**डा. विजयप्रसाद मिश्र**
सहप्राध्यापक, इतिहास केन्द्रीय विभाग, त्रिवि कीर्तिपुर ।
इमेल vijaymishra40@gmail.com
*Doi: https://doi.org/10.3126/hisan.v11i1.92798*

## सारसङ्क्षेप

*आधुनिककालका सबै राजामहाराजा र शासकहरूले पशुपतिनाथलाई देशकै मूल देवताको रूपमा मानेको पाइन्छ । शाहवंशले पशुपतिनाथलाई संरक्षक देवताको रूपमा मानेका थिए । पृथ्वीनारायण शाह नेपालको राजा हुनुअघि काठमाडौं उपत्यका वाहेकका भक्तजनले पशुपतिनाथ प्रवेश नपाउने चलन थियो । पृथ्वीनारायण शाहले नेपाल एकीकरण गरेपछि पशुपतिनाथ गोरखा राज्यको अधिनमा आएकाले शाहवंश आफै सनातनी धर्मप्रति उदार भएर पशुपतिनाथको दर्शन सबैका लागि खुला गरेका थिए । विभिन्न भक्त र राजामहाराजाले वेलावेलामा पुण्य आर्जन गर्ने मनसायले पशुपतिनाथ मन्दिरभित्र अनेक प्रकारका देवी देवताका प्रतिमा स्थापना गर्ने, घण्ट, तोरण र अन्य धार्मिक महत्त्वका सामग्रीहरू चढाउने, ढोका, झ्याल र अन्य महत्त्वपूर्ण भागहरूमा सुनचाँदी तथा अन्य धातुले सिङ्गार्ने कामहरू गरेको पाइन्छ । शाहकालीन राजाहरू श्री ५ राजेन्द्र वीरविक्रम शाहदेखि श्री ५ त्रिभुवन विक्रम शाहसम्मको नाममा अलगअलग शिव मन्दिरहरू स्थापना गरिएको घटनालाई हेर्दा शैव धर्मको विकासमा उनीहरूले पुऱ्याएको योगदान बुझिन्छ । शाहकालीन राजाहरूले मन्दिर बनाउँदा आफूलाई 'शिवजीका पाउरूपी कमलका धूलाले पवित्र भएको' भनी लेखाएकाले उनीहरू भगवान् शिवलाई मान्दथे भन्ने देखिन्छ । काठमाडौं उपत्यकाका सातवटा संरक्षित स्मारक क्षेत्रहरूलाई एउटै रूपमा काठमाडौं उपत्यका विश्वसम्पदा स्थल भनी युनेस्कोले विश्व सम्पदा सूचीमा सन् १९७९ मा सूचीकृति गर्दा सातमध्ये पशुपतिनाथ मन्दिर समेत परेको थियो । नेपालमा राजपरम्पराको अन्त्य पछि पशुपति क्षेत्र विकास कोषले तय गरेका उद्देश्य अनुसार महाशिवरात्री, बालाचतुर्दशी, बोलबम, साउने सोमबार र हरितालिका तीज पर्व व्यवस्थापन गर्ने मूख्य काम गर्दै आएको छ । यसवाहेक स्थानीय जात्रा पर्वहरू, घाट र शवदाह व्यवस्थापन समेत गरिरहेको छ । कोषले मृगस्थली र गुह्येश्वरी मन्दिर हेरचाहदेखि पशुपतिनाथको दर्शन गर्न आउने साधुसन्तको स्वागत तथा बासस्थान र विदाईको प्रबन्ध मिलाउनेदेखि पशुपति वाग्मती गंगा आरती व्यवस्थापन समेत गरिरहेको छ ।*

**शब्दकुञ्जी :** अष्टमूर्ति, फकिर, मनसुवा, तुलादान र जात्रा

## परिचय

पशुपतिनाथको ज्योतिर्लिङ्गको उत्पत्तिसँगै नेपाल राजनीतिक स्वरूपमा गठन भएको ऐतिहासिक सन्दर्भबाट नेपालको वैदिक सनातनी, प्रकृतिपूजक, किराँत, बौद्ध लगायतका धर्म संस्कार अवलम्वन गर्ने सबै नेपालीहरूको लागि पशुपतिनाथ मुख्य आस्थाको केन्द्रमा रहेको छ । पशुपतिनाथको मन्दिर काठमाडौं जिल्लामा रहेको ऐतिहासिक धार्मिक एवं पर्यटकीय दृष्टिले महत्त्वपूर्ण स्थल हो । यो मन्दिर २४० हेक्टर जग्गामा फैलिएको छ । पशुपतिनाथको मन्दिर एक जीवन्त सम्पदाको रूपमा रहेको छ । पशुपतिनाथको उत्पत्तिदेखिका यसका रोचक कथा र घटनाहरू चाख लाग्दा छन् । पाशुपत क्षेत्र भन्नाले खासगरी ध्रुवस्थली गुहेश्वरी, चावहिल चैत्य, चावहित गणेश र कुटुवहिल हुँदै नवली टोलदेखि पिङ्गलामाई (वजेश्वरी) सम्मको भागलाई

भनिन्छ (ढकाल, २०७७) । पाशुपत क्षेत्र विशाल रहेता पनि पशुपतिनाथको मन्दिर परिसर अन्तर्गत आधुनिककालमा भएका गतिविधिहरूलाई यस लेखमा संक्षिप्त रूपमा समेटिएको छ ।

पृथ्वीनारायण शाहले काठमाडौं उपत्यका विजय गरेदेखिको समयलाई आधुनिककालको रूपमा लिइन्छ । यस लेखमा आधुनिक काल अर्थात गोरखाका राजा पृथ्वीनारायण शाहले काठमाडौं उपत्यकामा विजयप्राप्त गरेर नेपाल देश बनाएपछिको घटनाक्रमलाई यसमा विश्लेषण गरिएको छ । गोपाल, महिसपाल, किराँतकाल लिच्छवीकाल र मल्लकालका राजाहरूले जस्तै आधुनिककालका शाह राजाहरूले संरक्षक देवताका रूपमा पशुपतिनाथको सम्बोधन गर्ने गरेको पाइन्छ ।

शाहवंशको शासनकाल र त्यसपछि गणतन्त्र स्थापना भएपछि समेत पशुपति क्षेत्र विकास कोषले संविधान, ऐन, कानुनको परिधिभित्र रहेर पशुपतिनाथको पुरानो परम्परा र गौरवलाई कायमै राख्नका लागि गरिरहेको महत्त्वपूर्ण घटनाक्रमहरू, पशुपतिनाथको पूजा गर्ने मूल भट्ट र अन्य पूजारीहरूको नियुक्ति प्रक्रिया र यूनेस्कोले पशुपतिनाथलाई विश्वसम्पदा सूचीमा राखेका सन्दर्भहरूलाई ऐतिहासिक दृष्टिकोणले व्याख्या, विश्लेषण गर्नका लागि 'पशुपतिनाथको आधुनिककालीन इतिहास' शीर्षकमा यो अनुसन्धानात्मक लेख तयार गरिएको छ ।

## उद्देश्य

नेपालको आधुनिककालमा पशुपतिनाथमा भएका मुख्य-मुख्य गतिविधिहरूको बारेमा जानकारी गराउने ।

## विधि

यो अध्ययन गुणात्मक अनुसन्धानमा विधिमा आधारित रहेको छ । यसमा पशुपतिनाथका बारेमा आधुनिककालमा भएका कार्यहरूको बारेमा ऐतिहासिक रूपमा विश्लेषण गरिएको छ । सूचना सङ्कलनका लागि द्वितीय स्रोतको रूपमा रहेको पुस्तक, जर्नल तथा पत्रपत्रिकाका लेखहरूको अध्ययन गरिएको छ भने प्राप्त सूचनाहरूको विश्लेषण ऐतिहासिक आधारमा आलोचनात्मक विश्लेषण तरिका अपनाई गरिएको छ ।

## विश्लेषण

पृथ्वीनारायण शाहले नेपाल एकीकरण गरेपछि पशुपतिनाथ मन्दिर गोरखा राज्यको अधिनमा आएको थियो । काठमाडौं उपत्यकामा मल्ल शासनको अन्त्यपछि शाहवंशको उदयसँगै नेपाल आधुनिककालमा प्रवेश गरेको हो । नेपालको आधुनिक इतिहासमा शाहवंशका राजा श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको सनातनी धर्मप्रति उदार दृष्टि थियो । यिनले शैव धर्मको उत्थानमा सहयोग पुग्ने कार्य गरेका थिए (ढुंगाना, २०८१) । पृथ्वीनारायण शाह नेपालको राजा हुनुअघि काठमाडौं उपत्यका बाहेकका भक्तजनले पशुपतिनाथ प्रवेश नपाउने चलन थियो । पृथ्वीनारायण शाहले काठमाडौं उपत्यका जितेपछि सनातनी धर्मप्रति उदार भएर पशुपतिनाथको दर्शन सबैका लागि खुला गरेका थिए ।

शिवलाई महादेव, इशान, महेश, हर शंकर, रुद्र, गिरीश जस्ता नामले पनि पुकार्ने गरिन्छ । काठमाडौं उपत्यकाको पानी चोभारबाट काटेर निकालेपछि बस्ती योग्य भएको र दक्षिण तर्फबाट ग्वालाहरू गाई चराउँदै उपत्यकामा आएर बसोबास गरेको बताइन्छ । ती ग्वालाहरूले पालेको बहुरी नामको गाईले बागमतीको तिरमा एक ठाउँमा गएर दूध चढाउने गर्दथिन् । यसको पत्तो पाएर ग्वाला समूहका सरदारले त्यहाँ खनी हेर्दा

पशुपतिको ज्योतिर्लिङ्ग उत्पन्न भएको थियो (मिश्र, २०५६) । पशुपतिको ज्योतिर्लिङ्गको प्रकाशले ग्वालाको सरदार त्यहीँ भष्म भएका र टेकूको दोभानमा तपस्या गरेर बसेका नेमुनिले पशुपतिबाट निस्किएको प्रकाशको व्यवस्थापन गरेर सरदारका छोरा भूमिगूप्तलाई नेपालको राजा बनाएका थिए (कायस्थ, २०७७) । पशुपतिको ज्योतिर्लिङ्गको उत्पत्तिले गोपालहरू त्यहाँका शासक भएकाले नेपाल उत्तपत्ति नै धार्मिक कारणले भएको मान्न सकिन्छ । त्यसमा पनि पशुपतिनाथ नेपाललाई एउटा देशको रूपमा संगठित बनाउने कारकका रूपमा रहेका थिए भन्दा फरक पर्दैन ।

पृथ्वीनारायण शाहले आफ्नो शासनलाई अष्टमूर्ति अवधारणा अन्तर्गत शिवको दैवी स्वरूपको रूपमा चित्रण गरे, जसले पशुपतिनाथलाई शासनको वैधताको प्रमुख प्रतीक बनायो (स्टलर, सन् १९७६/ढुङ्गाना, २०८१) । शाह वंशले शासनको वैधताको प्रमुख प्रतीक बनाएपछि पशुपतिनाथ मन्दिर राजकीय समारोहहरूका लागि विशेष महत्त्वपूर्ण स्थलको रूपमा प्रयोग गर्न थालियो । शाह वंशका राजाहरूले शासन सत्तालाई सुदृढ बनाउनका लागि मन्दिरको भौतिक संरचनाको पुनः निर्माण गर्न सयहोग गरेका थिए । मन्दिर व्यवस्थापन र शाही संरक्षकत्वका सन्दर्भमा मन्दिरको आर्थिक स्रोतको व्यवस्थापन, पूजारी नियुक्ति र मन्दिरको मर्मत सम्भारमा शासकहरूको नियन्त्रण रहेको थियो । यसले मन्दिरको धार्मिक मामिलामा राज्यको प्रत्यक्ष हस्तक्षेप रहेको थियो । शाह वंशका राजाहरूले धार्मिक शासकका रूपमा राजाको भूमिकाका सम्बन्धमा नेपाली राजाहरूलाई धर्मको रक्षक धर्मराजको रूपमा समेत चित्रण गरेको पाइन्छ ।

पृथ्वीनारायण शाहले नेपाल एकीकरण गरेर काठमाडौं, भक्तपुर र ललितपुरका राजाहरूलाई उनीहरूको अन्तिम इच्छा सोधनी हुँदा समेत काठमाडौंका राजा जयप्रकाश मल्लले 'अब मलाई सांसारिक सुख भोगको इच्छा छैन, पशुपतिको समिपमा आफ्नो शरीर त्याग गरी परलोक सुधार्ने इच्छा छ' भनेकाले उनलाई आर्यघाट पुऱ्याइएको थियो (अर्याल, २०३९) । यो घटनाबाट समेत पशुपतिनाथ र आर्यघाटको महत्त्व प्रष्ट हुन्छ । आधुनिककालमा पृथ्वीनारायण शाहकै पालामा रामकृष्ण कुँवरले पशुपतिको सडकमा ढुङ्गा छपाएका थिए (अर्याल, २०३९) । आधुनिक कालमा पशुपतिनाथमा राजा महाराजा, भाइभारदार, प्रशासनिक निकायका उच्च पदस्थ कर्मचारी, देशी विदेशी समाजसेवीहरूले पशुपतिनाथमा आवश्यक भौतिक पूर्वाधारहरूको निर्माण, मर्मत, साफ सुग्गर गर्नेदेखि पर्व उत्सवहरूमा दर्शनार्थीहरूलाई पानी, खाजा, खाना खुवाउने, आवासको व्यवस्था गर्नेदेखि स्वास्थ्य उपचार र सुरक्षाको प्रबन्ध समेतमा सबै सिंगो नेपाल र नेपालीहरू दत्तचित्त भएर लागेको पाइन्छ ।

पशुपतिनाथ मन्दिर शिवपाञ्चायन शैलीमा निर्माण गरिएको हुनाले यहाँ देवी, गणेश, विष्णु र सूर्यका प्रतिमा समेत छन् । विभिन्न भक्त र राजामहाराजाले वेलावेलामा पुण्य आर्जन गर्ने मनसायले पशुपतिनाथ मन्दिरभित्र अनेकप्रकारका देवी-देवताका प्रतिमा स्थापना गरेका छन् (ढकाल, २०७७) । पशुपतिनाथ मन्दिरमा हुने महाशिवरात्री, अभिषेक र सार्वजनिक रूपमा वलिदान दिनेजस्ता महत्त्वपूर्ण अनुष्ठानहरूमा शासकहरूको सहभागिताले धार्मिक शक्तिसँग राजाको प्रत्यक्ष सम्बन्ध स्थापित भएको थियो । धर्मकै कारणले राजा र जनताबीचको सम्बन्धलाई सुदृढ समेत बनाएको थियो । शाह वंशको सक्रिया राजा, संवैधानिक राजा रहुन्जेलसमेत पशुपतिनाथ मन्दिरमा राजाको प्रत्यक्ष सम्बन्ध कायम थियो । गणतन्त्र आएपछि राजाको प्रत्यक्ष सम्बन्धबाट ऐन, नियम, कार्यविधिहरूमा केन्द्रित भएर नेपाल सरकारले पशुपति क्षेत्र विकास कोषमार्फत पशुपतिमा गतिविधिहरू बढाएको थियो ।

## पशुपतिनाथको पूजारीको चयन

शाहवंशीय राज परम्परामा राजाको मृत्यु हुँदा सबै प्रजालाई जुठो लाग्ने भएकाले पशुपतिनाथको पूजारी नेपाली प्रजा नै भएमा उसलाई पनि जुठो लाग्दा पशुपतिको नित्य पूजा रोकिने तर्क गर्दै भारतबाट पूजारी ल्याउने परम्पराको थालनी भएको थियो । वि.सं १७९२ पछि भारतका दक्षिणात्य भट्ट ब्राह्मणद्वारा पशुपतिमा पूजा हुने क्रम शुरु भएको देखिन्छ (ढकाल, २०८१) । वि.सं. १८०४ देखि वि.सं. १८४१ असारसम्म कृष्ण भट्ट पूजारी रहेका थिए । वि.सं. १८६७ सालमा गीर्वाणयुद्ध विक्रम शाहको पालादेखि पशुपतिनाथको चारमुखका पूजारीका रूपमा ब्राह्मणको चयन गर्ने कार्य भएको थियो । चयन भएका चारैजना भट्ट ब्राह्मणलाई नेपालमा राजकीय शासन रहन्जेल श्री शङ्कराचार्य मठसँग आवद्ध रहेका ब्राह्मणलाई बडागुरुज्यूले जाँची योग्य ठहराई राजालाई दर्शन गराएपछि भट्टको रूपमा नियुक्ति गर्ने परम्परा थियो (ढकाल, २०७७) । तर यो परम्परा सधैं कायम रहेन । श्री ५ वीरेन्द्रले नेपालमा जनमत संग्रह गराएपछिको अवस्थामा राजपरिवारले समेत कतिपय अधिकारलाई विकेन्द्रिकरण गर्न थालेको थियो । राजपरिवारले पुराना परम्परा, रितिथितिलाई कायमै राख्दै कानुनका आधारमा पशुपतिनाथ मन्दिर र यसका अन्य निकायहरूलाई संचालन गर्नका लागि वि.सं. २०४३ सालमा पशुपति क्षेत्र विकास कोषको स्थापना गर्ने काम भयो । पशुपति क्षेत्र विकास कोषको ऐनमा वि.सं. २०५३ सालमा गरिएको संशोधन अनुसार भट्टको मातहतमा रहेर सम्पूर्ण तालुकी कोषका जिम्मामा आयो (ढकाल, २०७७) । गणतन्त्र आएपछि भने नेपाल सरकारले पशुपति क्षेत्र विकास कोषलाई अझ स्वतन्त्र रूपमा संचालन गर्नका लागि सहयोग गरेको थियो । जस अन्तर्गत वि.सं.२०६८ पछि पशुपति क्षेत्र विकास कोषले पशुपतिनाथको मन्दिर तथा पूजा व्यवस्था सम्बन्धी नियमावली बनाई नेपाल सरकारबाट स्वीकृत प्राप्त गरेको थियो । सोही आधारमा वि.सं. २०७१ मा पन्द्रहौं पूजारीका रूपमा गणेश भट्ट पूजारीका रूपमा नियुक्त भएको पाइन्छ (ढकाल, २०८१) । वि.सं. २०६४ मा नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दहाल नेपालको प्रधानमन्त्री भएपछि पशुपतिनाथको पूजारी नेपालकै नागरिक हुनुपर्दछ भन्ने कुरा उठेको थियो । तर दहालले प्रधानमन्त्री पदबाट राजिनामा दिएपछि पशुपतिनाथको पूजारीको विवाद सेलाएको थियो । अहिले भारतकै नागरिकलाई पूजारी बनाउने चलन यथावत छ । राजपरम्परा समाप्त भए पनि राजाकै मृत्युका बेला जुठो पर्दा पशुपतिको पूजा रोकिने पुरानो मान्यता भने अब धार्मिक, सांस्कृतिक र सामाजिक सम्बन्धका कारण कायमै रहेको छ । भारतमा समेत अहिलेसम्म केही स्थान र मन्दिरहरूमा नेपालको राजाको उपस्थिति अनिवार्य नै छ । पूर्व श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीरविक्रम शाहले अहिले पनि भारतको मन्दिरमा गएर हिन्दू राजाको भूमिका निर्वाह गरिरहेका छन् । पशुपतिनाथले नेपाल र भारतवीचको सम्बन्धलाई सुमधुर बनाइराख्न महत्त्वपूर्ण भूमिका खेलेको छ । पछिल्लो समय पशुपति क्षेत्र विकास कोषले पूजारीको नियुक्ति र विभिन्न माध्यमबाट पशुपतिनाथका लागि आउने दानहरूको व्यवस्थापन कानुनमा तोकिएको आधारमा गर्दै आएको छ ।

## शाह कालमा पशुपतिनाथ मन्दिर

पशुपतिनाथको शाह वंश कालको इतिहासको व्याख्या गरिरहँदा यसको शिवलिङ्गको स्थापना अन्तिम पटक कहिले भएको हो भन्ने जानकारी समेत उल्लेख गर्नु आवश्यक हुन्छ । गोपाल वंशको समयमा पशुपतिनाथको ज्योर्तिलिङ्गको उत्पत्ति भएको र नेमुनिले यसको व्यवस्थापन गरेर गोपाल वंशको शासन नै स्थापना गरिदिएका थिए । त्यसपछि किराँतकालमा गरिएको परिवर्तन, लिच्छवीकालमा गरिएको परिवर्तन र मल्लकालमा मुश्लिमहरूको आक्रमणको क्रममा पशुपतिनाथको मन्दिरमा आगो लगाउँदा शिललिङ्गमा परेको

असरका कारणले त्यसलाई साटेर नयाँ शिवलिङ् राखिएको थियो । पशुपतिनाथको नामले हाल पुजिने शिवलिङ्ग मध्यकालमा वि.सं.१४१७ मा जयराम सिंह वर्धन (जनयसिंहराम बर्धन) नामक महामन्त्रीले बनाउन लगाएका हुन् । पशुपतिनाथ मन्दिर भने अन्तिम पटक वि.सं.१७५३ सालमा निर्माण गरिएको हो (ढकाल, २०७७) । शाह वंशको शासनकालमा पशुपतिनाथको मन्दिर रहेको क्षेत्रलाई केन्द्रविन्दु बनाएर अनेकौं मठ, मन्दिर र मूर्तिहरू स्थापना गरेका थिए ।

वि.सं.१८५६ बैशाख पूर्णीमा आइतवारको अभिलेखमा श्री ५ रणबहादुर शाहका कान्छी रानी कान्तिवतीको पशुपतिलाई खुसी तुल्याउने मनसुवा पूरा गर्दै गोकर्ण गाउँ इलाकामा पर्ने ६ हजार पाँचसय मुरी खेत दान संकल्प गरी चढाइएको छ भनिएको छ (ढकाल, २०७७) । कान्तिवतीलाई बचाउनका लागि राजा रणबहादुर शाहले मन्दिरहरूमा विभिन्न भाकलहरू राखेर पूजापाठ गराउने, दानदिने कामहरू गरेपनि उनको कान्तिवतीको मृत्युपछि रणबहादुर शाह मन्दिरहरूमा फोहोर फाल्ने जस्ता अभद्र कामहरू समेत गराउन लगाएको उल्लेख पाइन्छ । रणबहादुर शाहको व्यक्तिगत स्वभावभन्दा समग्र शाहवंशको गतिविधि हेर्दा पशुपतिनाथ मन्दिरलाई राजशासनको प्रमुख धार्मिक आधार नै बनाएको देखिन्छ ।

बहादुर शाह बस्ने राजभवन परिसरभित्र चौतारा विदुर शाही तथा उनका भाइ शेरबहादुर शाही समेत बस्न थालेपछि असजिलो महसुश गरेर उनी राजभवनबाट निस्किएर तीर्थ यात्रीका लागि आफूले बनाइदिएको पशुपति मन्दिर नजिकै रहेको सदावर्तको निमित्त राखिएको भवनमा बस्न थाले (आचार्य, २०७०) । यसरी बहादुर शाह जसले नेपाल एकीकरणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए, उनीजस्ता व्यक्ति पनि पशुपति मन्दिरको परिसरमा बनाएको धर्मशालामा आएर बस्न थालेको पाइन्छ । जीवनको अन्तिम दिनहरू भारतको काशीमा गएर बस्ने हिन्दूहरूको जस्तै नेपालीहरू पनि जीवनका अन्तिम दिनतिर आएर पशुपतिको आर्यघाटको छेऊछाऊमा आएर बस्ने गरेको पाइन्छ । घाट व्यवस्थापन समितिले आर्यघाटमा दाहसंस्कार गर्ने व्यवस्था मिलाएको छ ।

वि.सं.१८८५ चैत्र कृष्णको राजेन्द्र विक्रम शाहको ताम्र अभिलेखमा पशुपतिनाथ मन्दिरमा दर्शन गर्न कुन जातका मानिसलाई ढोकासम्म जानदिने, कुनजातिले चौकसम्म, कुन जातिले बाहिरी ढोका छिर्न पाउने भनेर नियम बनाएको तथा नमान्नेहरूलाई दण्डसजाएको व्यवस्था समेत गरिएको थियो (ढकाल, २०७७) । शाह वंशले पशुपतिमा हिन्दूहरूले मात्र दर्शन गर्न पाउने नियम बनाएका थिए । भारतका प्रधानमन्त्री राजीव गान्धीकी श्रीमती सोनिया गान्धीलाई इटालियन मूलकी भएकी कारण 'गैरहिन्दूका नाताले' पशुपतिनाथ मन्दिरमा प्रवेश गर्न नदिएको घटनाले भारतका शासक र नेपालका राजाबीचमा सम्बन्ध चिसिए पनि पशुपतिनाथका पूजारीहरूले आफ्नो परम्परामा ठेस लाग्न दिएनन् ।

भगवान पशुपतिनाथको दर्शन गर्न आउनेहरूलाई बस्न र भोजन गराउनका लागि बहादुर शाहले बनाइदिएका गुठीले मात्र नपुग्ने भएकाले रणबहादुर शाहले भादगाउँमा रहेको जमिन खरिद गरी सदावर्तको निमित्त गुठी राखिदिएका थिए (आचार्य, २०७०) । शाहकालीन राजाहरू श्री ५ राजेन्द्र वीरविक्रम शाहदेखि श्री ५ त्रिभुवन विक्रम शाहसम्मको नाममा अलगअलग शिवमन्दिरहरू स्थापना गरिएको घटनालाई हेर्दा शैव धर्मको विकासमा उनीहरूले पुऱ्याएको योगदान महत्त्वपूर्ण रहेको देखिन्छ । शाहकालीन राजाहरूले मन्दिर बनाउँदा 'आफूलाई शिवजीका पाउरूपी कमलका धूलाले पवित्र भएको भनी लेखाएकाले उनी भगवान् शिवलाई मान्दथे भन्ने देखिन्छ । पशुपतिनाथ मन्दिरको दक्षिणतर्फ वि.सं.१८७३ फागुनमा भोटु पाँडेले साना

मन्दिर बनाएर राजा रानीका शालिकहरू राख्न लगाएका थिए । उनले नै वि.सं.१८६३ असोजमा रणबहादुर शाह र राजराजेश्वरीको सालिक समेत राख्न लगाएका थिए (ढकाल, २०७७) । भोटु पाँडेले यस बाहेक पशुपतिनाथ मन्दिरमा थप ऐतिहासिक महत्त्वका कामहरू गरेको पाइन्छ । राजा महाराजामात्र होइन प्रशासनको विभिन्न ओहदामा बसेकाहरूले समेत पशुपतिनाथ मन्दिर परिसरमा धार्मिक महत्त्वका सामग्रीहरू राखेको देखिन्छ ।

वि.सं.१८६७ को एउटा लालमोहरमा पशुपति भण्डार तहविलले गर्नुपर्ने गरी तोकिएको देखिएको छ । यसले उक्त लालमोहर जारी गर्नु पूर्वैदेखि नै पशुपति भण्डार तहविलको स्थापना भएको थियो भन्न सकिन्छ ( ढकाल, २०८१) । वि.सं.१८७० साल चैत कृष्ण ३० रोज २ को श्री ५ गीर्वाणयुद्ध विक्रम शाहको लालमोहरमा, पशुपतिनाथको प्रितीगरी शिवरात्री, रामनवमी मेषसंक्रान्ति, दमनारोषण, धनुर्मास, दशहरा, महाअष्टमी, विजयादशमी, श्रीपंचमी आदि पर्वहरूमा पूजाआजा गर्नका निमित्त अघि ३७५ रोपनी ४ आना जग्गाको रकम असुल तहसिल गरी उपर्युक्त पर्वपूजाहरू पनि पशुपतिनाथ अमालकोट कचहरीले चलाई रहेको भन्ने देखिनाले यसको स्थापना सो मितिभन्दा अगाडि नै भएको थियो भन्न सकिन्छ (ढकाल, २०८१) । पशुपतिनाथको पश्चिमतर्फको घण्टा राजा राजेन्द्र विक्रम शाहले वि.सं. १८८४ सालमा धातु थपेर जीर्णेद्धार गरेको हो (ढकाल, २०७७) । यसरी पशुपतिनाथको दैनिक र महत्त्वपूर्ण चाडपर्वहरूमा गरिने व्यवस्थापनका लागि विभिन्न राजामहाराजाले दान गरेका जग्गा जोतभोग गर्नेहरूबाट आउने अन्न र नगद रकमबाट चल्ने गरेको देखिन्छ ।

वि.सं.१८७५ मा भीमशेन थापाले पशुपतिनाथको दक्षिण बाहिरी ढोकालाई चाँदीका पाताले मोर्न लगाएका थिए । थापाले पशुपतिनाथको बाहिरी दक्षिणको ढोकामा चाँदीका पाताले मोरेर पाशुपत क्षेत्रका प्रख्यात ६४ शिवलिङ्गको नाम समेत अङ्कित गर्न लाएकाले उनको पशुपतिनाथलाई सुन्दर बनाउने अभियान सार्थक भएको देखिन्छ (ढकाल, २०७७) । भीमशेन थापा लामो समय नेपालको शासक भएर बसेका थिए । उनले पशुपतिनाथ मन्दिर परिसरमा धातुको प्रयोग गरेर स्वरूपमा परिवर्तन ल्याएर पशुपतिनाथ मन्दिरको रौनक बढाएका थिए ।

गुरु राधा बल्लभ अर्यालको संकल्प अनुसार वि.सं.१८७० सालमा उनका चेलाहरूले मन्दिरको दक्षिणी ढोकामा चाँदीका पाताले मोरेर अभिलेख पनि कुदाइएका थिए (ढकाल, २०७७) । वि.सं.१९८९ चैत ११ गते दिइएएको पशुपति गोश्वाराले मन्दिरको व्यवस्थापन र तत्कालीन अवस्था बुझ्ने सहयोग पुगेको छ (टण्डन, २०५६) । वि.सं.१८९१ माघ शुल्क १० रोज १ मा किलगल बस्ने सुब्बा कुलानन्द झा र उनका सन्तानले पशुपतिनाथका पूर्व, पश्चिम र उत्तर बाहिरी ढोकाका खापा, तोरण र चौकसलाई चाँदीका पाताले मोरेको देखिन्छ (ढकाल, २०७७) । उक्त पशुपति गोश्वारामा पशुपतिनाथ मन्दिर परिसरमा शिवरात्री, बालाचतुर्दसी पर्वहरूमा आउने फकिरहरूको व्यवस्थापन गर्ने नियम बाँधेको देखिन्छ (टण्डन, २०५६) । वि.सं.१९९८ मा भीम शमसेरले अभिलेखसहित घण्टा चढाएको देखिन्छ । पशुपतिनाथ मन्दिरको दक्षिण पेटी माथी २ वटा र पेटीमुनी एकवटा गरी जम्मा तीनबटा ठूला घण्टाहरू छन् । पेटी माथीको पूर्वतर्फको घण्टा ललित त्रिपुरासुन्दरीले वि.सं.१८८९ सालमा राखेको हो । घण्ट तथा अन्य मन्दिरमा राखिने सानातिना मूर्ति, तोरण, खम्बाहरू राणा शासकहरू र राजा महाराजाहरूले समेत आफ्नो, आफ्नो श्रीमती वा अन्य आफन्तको नाममा चढाएको देखिन्छ । पशुपतिनाथ मन्दिरको पश्चिमी प्राङ्गनको दक्षिणतिरको डबलीमा तुलादान गरेका चौधवटा खाँवाहरू लहरै गाडिएका छन् । छैठौंदेखि चौधौं खम्बासम्म राणा कालमा राणा प्रधानमन्त्री, राजपरिवार अझै वा श्रीमती र छोरीहरूको नामबाट तुलादान गरेर थापाको देखिन्छ (ढकाल, २०७७) ।

पशुपतिनाथ मन्दिरको दक्षिणी ढोकाको ठीक अगाडि भूइँमा ठूलो शिला छ, जसलाई धर्मशीला भनिन्छ । वि.सं. २०१६ सालमा राजा महेन्द्रका पालामा यस धर्मशिलालाई छोपेको तामाको पाताको जीर्णोद्वार गिरिएको थियो (ढकाल, २०७७) । पशुपति मन्दिरको दक्षिणतर्फको मुनि पश्चिमतर्फ रहेको घण्टा वि.सं.२०१६ साल वैशाख १ मा राखेको कुरा घण्टा अभिलेखमा नै उल्लेख छ (ढकाल, २०७७) । वि.सं. २०४४ साउन २९ गते पशुपति क्षेत्र विकास कोष ऐन जारी भई पशुपति क्षेत्र विकास कोषको स्थापना भएको हो । राजा बीरेन्द्रले पाशुपत क्षेत्रको गुरुयोजनामा निकै चासो राखेका थिए । पशुपतिनाथ मन्दिरको प्रवर्द्धनका लागि अपरीहार्य गुरु योजना अन्तिम रूप राजा वीरेन्द्रको सदिच्छा अनुसार बनाइएको थियो । वि.सं.२०४६ सालमा नेपालमा बहुदलीय व्यवस्था आएपछि उक्त कार्य यसै गुपचुप रह्यो । राष्ट्रध्यक्ष राजा वीरेन्द्र र संरक्षक रहेकी रानी ऐश्वर्यको पशुपति क्षेत्रमा लागू गर्न तयार गरिएको गुरुयोजनाप्रतिको लगाव साँच्चै प्रशंसनीय थियो । राजा वीरेन्द्र वीरविक्रम शाहदेवले त रानी ऐश्वर्य समेतको नाम जोडेर पशुपतिनाथ मन्दिरको गर्भगृहमाथिको बाहिरी प्रदक्षिणापथको पहिलो तलाको दलिनमा ताम्रपत्रमा 'श्री ५ वीरेन्द्र । श्री ५ ऐश्वर्य' लेखिएको र गर्भगृहलाई चारैतिर घेरिएका चारै पर्खालमा 'श्री पशुपतिशरण चरणै' लेखिएको छ । यसले गर्दा शाह वंशको अन्त्यसम्म पनि पशुपतिको विकासका लागि राजा महाराजाहरूले योगदान गरिरहेको देखिन्छ ।

पशुपतिनाथ मन्दिरको दक्षिणतर्फ दुईतले नेपाली शैलीको उन्मत्त भैरबको मन्दिर छ, जुन धातुको दुई तहको छानायुक्त छ । उक्त उन्मत्त भैरवको वर्तमान स्वरूप वि.सं. २०४७ सालमा राजा वीरेन्द्र र ऐश्वर्यबाट निर्माण गर्न लगाइएको हो (ढकाल, २०७७) । संवैधानिक राजातन्त्र रहँदा समेत राजपरिवारले पशुपतिनाथको विकासका लागि चिन्ता गरेको र भगवानका मूर्तिहरू स्थापना गरेका उदाहरणहरू छन् ।

**विश्व सम्पदा सूचीमा पशुपतिनाथ**

काठमाडौं उपत्यकाका सातवटा संरक्षित स्मारक क्षेत्रहरूलाई एउटै रूपमा काठमाडौं उपत्यका विश्व सम्पदा स्थल भनी युनेस्कोले विश्व सम्पदासूचीमा सन् १९७९ मा सूचीकृति गरेको थियो । ती सातमध्ये पशुपतिनाथ मन्दिर समेत परेको थियो । युनेस्कोले कुनै पनि सम्पदाहरूलाई विश्व सम्पदासूचीमा राख्ने केही आधारहरू बनाएको छ । मानवीय मस्तिष्कका उपज एवं संस्कृतिका संवाहकका रूपमा रहेका विभिन्न बहुमूल्य सम्पदाहरू, जो नाश भएपछि पुनः स्थापना गर्न असम्भव प्रायः हुन्छन्, ती सम्पदाहरूको विश्व मानव जातिका साझा सम्पदा हुन्, यिनको संरक्षण गर्नु सम्पूर्ण मानव जातिकै दायित्व हो, त्यसैले तिनको नाश हुनु सम्पूर्ण मानवीय सम्पदाहरूको नाश हुनु हो भन्ने विशिष्ट उद्देश्यले तिनको संरक्षणका लागि युनेस्को/विश्व सम्पदा समिति अन्तर्गत विभिन्न साँस्कृतिक तथा प्राकृतिक सम्पदाहरूलाई कन्सेन्सन कन्सनिङ द प्रोटेक्सन अफ वर्ड कल्चरल एण्ड नेचुरल हेरिटेज, १९७२, जसलाई वर्ड हेरिटेज कन्सेन्सन, १९७२ वा विश्व सम्पदा महासन्धि पनि भनिन्छ, का प्रावधानहरू बमोजिम विश्व सम्पदाको रूपमा सूचीकृत गर्ने गरिन्छ (श्रेष्ठ, २०७८) । माथि उल्लेख भएका विशेषता भएका काठमाडौं उपत्यकाका सात क्षेत्रहरूमा पाटन दरवार, हनुमानढोका दरबार, भक्तपुर दरबार, पशुपति, चाँगुनारायण, बौद्ध र स्वयम्भू संरक्षित स्मारक क्षेत्रहरू हुन् (श्रेष्ठ, २०७८) । विश्व सम्पदा सूचीमा रहेको पशुपतिनाथको मौलिकतालाई यथावत राख्नका लागि पशुपति क्षेत्र विकास कोषले यूनेस्को मैत्री कानुन बनाएर गतिविधि गरिरहेको छ ।

सन् १९७९मा युनेस्कोले पशुपतिनाथको मन्दिरलाई विश्व सम्पदा क्षेत्रमा सूचीकृत गरेको थियो । काठमाडौं उपत्यकाका सात क्षेत्रहरूलाई एकल रूपमा काठमाडौं उपत्यका विश्व सम्पदा स्थल भनी सूचीकरण

गरिसकेपछि नेपाल सरकारले प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा ३ अनुसार यी सात क्षेत्रहरूलाई चार किल्ला तोकी सीमाङ्कन गरी वि.सं. २०५५ सालमा पशुपतिलाई संरक्षित स्मारक क्षेत्र भनी घोषणा गरेको थियो (श्रेष्ठ, २०७८) । विश्व सम्पदा सूचीमा परेका कारणले पशुपति क्षेत्र परिसरमा रहेका घरहरू भत्काएर जग्गा अधिग्रहण गरेको र ती जग्गाको सट्टामा रिङ्रोडदेखि दक्षिण, बाग्मती नदीको पूर्वतर्फ तिलगंगा क्षेत्रमा मुआब्जा दिइएको छ । जुन क्षेत्रमा अहिले पशुपतिनाथको दर्शन गर्न आउनेहरूको बसोबासलाई लक्षित गरेर होटलहरू खुलेको पाइन्छ । पशुपतिनाथको मन्दिर सांस्कृतिक सम्पदा अन्तर्गत युनेस्को विश्व सम्पदा क्षेत्रमा पर्दछ ।

## गणतन्त्रमा पशुपतिनाथ

गणतन्त्र आएपछि देशको प्रमुखको हैसियतले राष्ट्रपतिले विभिन्न समयमा पूजाआजा गर्ने गरेको पाइन्छ । नेपालको सर्वेच्च देवताका रूपमा पशुपतिनाथमा विभिन्न चाडपर्वमा देशका राष्ट्राध्यक्ष र मन्त्रीहरू समेतले दर्शन, पूजाआज गर्ने गरेको पाइन्छ । अहिले पनि राज्यसत्ताको पशुपतिनाथ प्रति अगाध आस्था रहेको छ ।

नेपालको संविधान २०७२ मा धर्म निरपेक्ष राष्ट्र भनेपनि अहिलेसम्म भएका राष्ट्रपतिहरू डा. रामवरण यादव, विद्यादेवी भण्डारी र रामचन्द्र पौडेलले चाडपर्वको वेला पशुपतिनाथको दर्शन गर्ने चलन कायमै रहेको छ । यसले राज्यसत्ताबीच समेत पशुपतिनाथको आस्था उत्तिकै प्रगाढ रहेको छ । साच्चिकै पशुपतिनाथ गणतन्त्र वा धर्मनिरपेक्ष मूलुक भएपनि नेपालका आराध्यदेव हुन् भन्न सकिन्छ । पशुपतिनाथको छत्रछायाँ र महिमाले गर्दा नेपाल विश्वका हिन्दूहरूको केन्द्रविन्दू बनेको छ । भारतका शासकहरू समेत नेपाल घुम्न आउँदा पशुपतिनाथको दर्शन अनिवार्य रूपमा गरेर जाने गर्दछन् । भारतका प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल आउँदा पशुपतिनाथको गर्भगृहमा गएर नै पूजाआजा गरेको र दोस्रो पटक आउँदा क्षमा पूजा समेत गरेको पाइन्छ । भारतका हिन्दूवादी नेताहरू, प्रशासकहरू औपचारिक रूपमा आउँदा होस् वा अनौपचारिक रूपमा आएर पनि पशुपतिनाथको दर्शन गर्ने गरेका छन् । विश्वमा धेरै दर्शन गर्न आउने मन्दिरहरूमा पशुपतिनाथ समेत पर्ने गरेको छ । विश्वका हिन्दूहरूको प्रमुख आस्थाको केन्द्रका रूपमा पशुपतिनाथलाई लिइन्छ ।

पशुपतिनाथमा मुख्य रूपमा शिवजीको पूजा हुने भएकाले शिवरात्रि पर्व विशेष महत्त्वका साथ मनाइन्छ । शिवरात्रि नेपालभरि धुमधामसँग मनाइने राष्ट्रिय पर्व हो । प्रत्येक वर्ष फागुन कृष्णपक्ष चतुर्दशीका दिनमा शिवरात्रि पर्व मनाइन्छ । पशुपति अर्थात् शिवजीको आरधना गर्दै नेपाल तथा छिमेकी मुलुक भारतका हिन्दू धर्मावलम्बीहरूको ठूलो संख्याले पशुपतिको दर्शन गर्ने गर्दछन्

पशुपतिनाथ मन्दिरको व्यवस्थापन हिजोआज पशुपति क्षेत्र विकास कोषको मातहतमा रहेकोले कोषले नियमाअनुसार आफ्नो गतिविधिहरू गर्दै आएको छ । पशुपति क्षेत्र विकास कोष स्थापना भएपछि यसले निम्न उद्देश्यहरू निर्धारण गरेर आफ्ना गतिविधिहरूलाई अगाडि बढाएको पाइन्छ ।

सर्वप्रथम पशुपतिनाथको मन्दिर परिसर, नित्यपूजा तथा भक्तजनहरूको व्यवस्थापन गर्ने उद्देश्य लिएको छ । त्यसैगरी पशुपतिनाथ गुठीसँग सम्बद्ध जग्गाहरू तथा अमालकोट कचहरीसँग सम्बद्ध जग्गा प्रशासन सञ्चालन गर्ने, पशुपतिनाथ मन्दिर तथा गुठी जग्गाको आय व्यवस्थापन गर्ने उद्देश्य समेत लिएको छ ।

पशुपति क्षेत्रमा पालिएका मृग, नन्दी, परेवा, बाँदर तथा अन्य जनावरहरूको स्वास्थ्य तथा भोजनको उचित व्यवस्थापन गर्ने । पशुपतिनाथ मन्दिरमा महाशिवरात्री पर्व, बालाचतुर्दशी पर्व, अक्षय तृतीया पर्व, हरितालिका तिज पर्व तथा अन्य विशेष पर्वहरू सञ्चालन व्यवस्थापन गर्ने । पशुपति क्षेत्र वरिपरी सञ्चालन हुने विभिन्न जात्रापर्वहरू सञ्चालन व्यवस्थापन गर्ने र पशुपति क्षेत्रलाई अन्तर्राष्ट्रिय एवं राष्ट्रिय क्षेत्रमा प्रचार प्रसार गरी आन्तरिक तथा वाह्य आध्यात्मिक पर्यटन प्रवर्द्धन गराउने उद्देश्य पशुपति क्षेत्र विकास कोषले राखेको छ ।

कोषले पशुपति क्षेत्रको सुरक्षा व्यवस्थापनको संयोजन गर्ने तथा पशुपतिनाथको महात्म्य एवं शैव सम्प्रदायको अध्ययन, अनुसन्धानसहित वैदिक एवं तान्त्रिक पूजाविधिहरूको लेखन प्रकाशन एवं प्रसारण गर्ने उद्देश्य लिएको पाइन्छ ।

पशुपतिनाथमा मुख्य रूपमा शिवजीको पूजा हुने भएकाले शिवरात्री पर्व विशेष महत्त्वका साथ मनाइन्छ । शिवरात्रि नेपालका गाउँगाउँमा धुमधामसँग मनाइने राष्ट्रिय पर्व हो । विश्वमा हिन्दूधर्म मान्नेहरूले समेत शिवरात्रीलाई मूख्य पर्वको रूपमा मनाउने गर्दछन् । काठमाडौंमा रहेको पशुपतिनाथ मन्दिर संसारमा रहेका २७५ शिवको पवित्र स्थानमध्ये एक हो ।

पशुपति क्षेत्रमा धार्मिक सहिष्णुता सम्बन्ध पटक-पटक परिरहने विवादका बारेमा सर्वोच्च अदालतको निर्णय नं. १०६६७ को प्रकरण १५ मा 'श्री पशुपतिनाथ सनातन हिन्दू, बौद्ध, जैन, शिखआदि विभिन्न मत मतान्तरका हिन्दू जनहरूको आस्था र श्रद्धाको केन्द्र एवं पवित्र तीर्थस्थल हुनुको कारण पनि यसको गरिमा महान बनेको छ । श्री पशुपतिनाथको मन्दिर, प्राङ्गण र परिसरमा रहेका असंख्य सम्पदाहरूले सैव, साक्त, वैष्णव, बौद्ध, जैन, सौर, गाणपत्य, नाथ, शिख आदि प्रमुख सम्प्रदायको भक्तजनहरूको आस्था, आराधना, भक्ति र समर्पण प्राप्त गरेका छन्' भनेर फैसला भएको पाइन्छ (नेपाल कानुन पत्रिका, २०७८) । यसरी हेर्दा धर्मनिरपेक्षको बोलवाला चलिरहेको अवस्थामा समेत सर्वोच्च अदालतले पशुपतिनाथलाई हिन्दू, बौद्ध, जैन, शिखआदि विभिन्न मत मतान्तरका हिन्दू जनहरूको आस्था र श्रद्धाको केन्द्र भनेर परिभाषित गरिदिएकोले यसको महत्त्व झन् फराकिलो भएको देखिन्छ (नेपाल कानुन पत्रिका, २०७८) । सर्वोच्चको फैसलामा इशाईहरूको उल्लेख नभएकोले वैदिक सनातनी धर्म मान्नेहरू सबैका लागि पशुपतिनाथको दर्शन गर्न पाउने गरी परिभाषित गरेपछि बीचबीचमा उठिरहने सानातिना धार्मिक विवादहरूमा सर्वोच्चको फैसलाले बिर्को लगाइदिएको छ ।

पशुपति क्षेत्र विकास कोषले तय गरेका उद्देश्य अनुसार वर्तमान अवस्थामा पशुपतिनाथ मन्दिर क्षेत्र वा पाशुपात क्षेत्रमा विभिन्न क्रियाकलापहरू गर्दै आएको छ । कोषले गरिरहेको मुख्य क्रियाकलापहरूमा महाशिवरात्री, बालाचतुर्दशी, बोलबम र साउने सोमबार पर्व व्यवस्थापन पर्दछन् । यी बाहेक हरितालिका तीज पर्व व्यवस्थापन, स्थानीय जात्रा पर्वहरूको व्यवस्थापन, घाट व्यवस्थापन र शवदाह व्यवस्थापन जस्ता क्रियाकलाप समेत कोषले नै हेर्दै आएको छ । कोषले मृगस्थली व्यवस्थापन, साधुसन्त स्वागत तथा बासस्थान व्यवस्थापन, पशुपति वाग्मती गंगा आरती व्यवस्थापनदेखि गुह्येश्वरी मन्दिर व्यवस्थापन समेत गर्दै आएको छ ।

## निष्कर्ष

पशुपतिनाथको आधुनिककालमा भएको विकासक्रमलाई हेर्दा नेपाल एकीकरण गर्ने पृथ्वीनारायण शाहको पालादेखि नेपालको संविधान २०७२ ले ल्याएको धर्मनिरपेक्षको कालसम्मको अवस्थामा पशुपतिनाथ सबैको आस्थाको केन्द्र पहिलेदेखि अहिलेसम्म रहेको पाइन्छ । पृथ्वीनारायण शाह नेपालको राजा हुनुअघि काठमाडौं उपत्यका वाहेकका भक्तजनले पशुपतिनाथ प्रवेश गर्न पाएका थिएनन् तर उनले काठमाडौं जितेपछि सनातनी धर्मप्रति उदार भएर पशुपतिनाथको दर्शन सबैका लागि खुला गरेका थिए । काठमाडौंका राजा जयप्रकाश मल्ललाई पृथ्वीनारायण शाहले अन्तिम इच्छा सोधनी हुँदा उनले 'अब मलाई सांसारिक सुख भोगको इच्छा छैन, पशुपतिको समिपमा आफ्नो शरीर त्याग गरी परलोक सुधार्ने इच्छा छ' भनेका थिए । यसले तत्कालीन अवस्थाका राजामहाराजामा समेत पशुपतिनाथ नै मुक्तिको आधार हो भन्ने रहेको देखिएको छ । बहादुर शाह समेत दरवारमा आफू बस्ने घरमा शेरबहादुर शाही लगायतको प्रवेश भएपछि दरवार छोडेर पशुपतिनाथको धर्मशालामा गएर बसेकाले मानवको अन्तिम शरण लिने स्थानका रूपमा पशुपतिनाथ रहेको पाइन्छ ।

वि.सं.१८८५ चैत कृष्णको राजेन्द्र विक्रम शाहको ताम्र अभिलेखमा पशुपतिनाथ मन्दिरमा दर्शन गर्न जने जातहरूको बारेमा स्थान तोकिएको पाइएकोले आधुनिककालमा आएर जातीय आधार तोक्दा दलितहरूले मन्दिर प्रवेशको लागि संघर्ष गरेको देखिइको थियो । शाह वंशले पशुपतिमा हिन्दूहरूले मात्र दर्शन गर्न पाउने नियम बनाएकाले भारतका प्रधानमन्त्री राजीव गान्धीकी श्रीमती सोनिया गान्धीलाई गैरहिन्दू भनेर पशुपतिनाथ मन्दिरमा प्रवेश गर्न नदिदा भारतका शासक र नेपालका राजाबीचमा सम्बन्ध चिसिएको थियो । राजनीतिमा जतिसुकै मनमुटाव भएपनि भारत र नेपालका हिन्दूहरू मिलेर इसाईहरूलाई अथवा गैर हिन्दूहरूलाई पशुपतिनाथ मन्दिर प्रवेशमा रोक लगाउन सफल भएका छन् ।

सन् १९७९ मा युनेस्कोले पशुपतिनाथको मन्दिरलाई विश्व सम्पदा क्षेत्रमा सूचीकृत गरेको थियो । नेपाल सरकारले प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा ३ अनुसार यी सात क्षेत्रहरूलाई चार किल्ला तोकी सीमाङ्कन गरी वि.सं. २०५५ सालमा पशुपतिलाई संरक्षित स्मारक क्षेत्र भनी घोषणा गरेको थियो । पशुपतिनाथ मन्दिर परिसरमा रहेका निजी घरहरू भत्काएर उनीहरूलाई मुआब्जा दिएर तिलगंगामा सारिएको घटना पशुपतिनाथको विकास योजनामा सबैभन्दा महत्त्वपूर्ण घटनाको रूपमा लिइन्छ ।

धर्मनिरपेक्षको बोलवाला चलिरहेको अवस्थामा समेत सर्वोच्च अदालतले पशुपतिनाथलाई हिन्दू, बौद्ध, जैन, शिखआदि विभिन्न मत मतान्तरका हिन्दू जनहरूको आस्था र श्रद्धाको केन्द्र भनेर परिभाषित गरिदिएकोले यसको महत्त्व झन् बढाएको छ । सर्वोच्चको फैसलामा इशाईहरूको उल्लेख नभएकोले वैदिक सनातनी धर्म मान्नेहरू सबैको लागि पशुपतिनाथको दर्शन गर्न पाउने गरी परिभाषित गरेपछि बीचबीचमा उठिरहने सानातिना धार्मिक विवादहरूमा सर्वोच्चको फैसलाले बिर्को लगाइदिएको छ ।

नेपालको संविधान २०७२ मा धर्म निरपेक्ष राष्ट्र भने पनि अहिलेसम्म भएका राष्ट्रपतिहरू डा. रामवरण यादव, विद्यादेवी भण्डारी र रामचन्द्र पौडेलले चाडपर्वको वेला पशुपतिनाथको दर्शन गर्ने चलन कायमै राखेका छन् । यसले राज्यसत्ताबीच समेत पशुपतिनाथको आस्था उत्तिकै प्रगाढ रहेको तथा साच्चिकै नेपाल गणतन्त्र वा धर्मनिरपेक्ष मूलुक भएपनि पशुपतिनाथ नेपालका आराध्यदेव हुन भन्ने प्रमाणित भएको छ ।

नेपाल आधुनिककालमा समेत पशुपतिनाथको छत्रछायाँ र महिमाले गर्दा विश्वका हिन्दूहरूको केन्द्रविन्दु बनेको छ ।

## सन्दर्भ सामग्रीसूची


अर्याल, ईश्वरराज (२०३९), *नयाँ नेपालको इतिहास,* रत्नपुस्तक भण्डार ।

आचार्य, बाबुराम (२०७०), *नेपालको संक्षिप्त वृत्तान्त,* श्रीकृष्ण आचार्य ।

कायस्थ, बलराम (२०७७), *प्राचीन तथा मध्यकालीन नेपालको इतिहास,* पल्लव पब्लिकेशन प्रा.लि. ।

खतिवडा, बरुण (२०८० बैशाख १०), *पाशुपतक्षेत्र, अक्षयतृतीया र वनकाली जात्रा,* रातोपाटीडट कम, https://www.ratopati.com/story/358922/blog-

खतिवडा, सोमनाथ (२०७७ पुस ११), *हिन्दू-बौद्ध घुलनमा पशुपतिनाथ,* अन्नपूर्ण पोष्ट, annapurnapost.com\story\172290.

टण्डन, गोविन्द (२०५६), *पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन (दुई भाग, अभिलेख खण्ड),* श्रीभरेन्द्र शम्शेर ज.ब.रा. तथा श्रीमती मञ्जु राणा ।

ढकाल, प्रदीप (सम्पा.) (२०७७), *पाशुपत क्षेत्रको सांस्कृतिक सम्पदा (मूर्त र अमूर्त),* पशुपति क्षेत्र विकास कोष ।

ढुंगाना, गोपीकृष्ण (२०८१), राज्यसत्ताको वैधानिकतामा पशुपतिनाथसँगको सम्बन्ध, *पाशुपत दर्पण, ३* (१), १५-२४ ।

तिमिल्सिना, बिष्णुप्रसाद (२०७७ असार १२), *वर्तमान अवस्थामा श्री पशुपतिनाथ मन्दिर तथा श्लेष्मान्तक वन,* हाम्रा कुरा डटकम, https://hamrakura.com/news-details/81568/2020-06-26

नागरिक दैनिक (२०८२ साउन ७), *पशुपतिनाथमा 'दिव्य पशुपतिनाथ अभियान' को सुरुवात* ।

*नागरिक दैनिक* (२०७५ फागुण १९), काठमाडौं उपत्यकाकै प्राचीनतम धार्मिकस्थल पशुपतिनाथ मन्दिर ।

*नेपाल कानुन पत्रिका* (२०७८), अंक ४/५, निर्णय नं. १०६६७, पृ.४९४ (प्रकरण १५) ।

मिश्र, तीर्थप्रसाद र दाहाल, पेशल (२०५६), *नेपालको ऐतिहासिक रूपरेखा,* एम.के. पब्लिसर्स एण्ड डिष्ट्रीब्यूटर्स ।

श्रेष्ठ, सुरेश सुरस (२०७८), विश्व सम्पदासूचीमा सूचीकृत नेपालका सांस्कृतिक सम्पदा र सङ्रक्षणका चुनौतीहरू, *नेपाल द्वैमासिक, पूर्णाङ्क २३२, ५०* (५), २७-४४ ।